

# खोई मेरो बाल अधिकार

खोज्दै जाँदा मेरो अधिकार भाषामै बिलाएछ
कलम कापी कता गए किताब पनि हराएछ ।
मेरा यी हातलाई बन्दुक र बारुद चाहिँदैन
सफाइ दिने सजिलो साधन बनाउँन यसलाई पाइँदैन ।
मेरो अधिकारलाई हतियार पो किन बनायौ ?
युद्ध र क्रान्तिमा यसलाई किन पो नचायौ ?

महलमा मात्र होइन सडकका पेटीहरुमा पनि खोजें
फ्याक्ट्री , कारखाना अनि होटेलमा पनि सोधें ।
बसका ढोका देखि ग्यारेजले पनि संकेत दिन्छ
बाल अधिकारको खिल्ली यत्रतत्र उडाईन्छ ।
भौंतारिँदै जाँदा बाल अधिकार कागजमा लेखिएको पाएँ
मेरै अधिकार लिन खोज्दा कयौं हन्टर खाएँ ।

कति लुकाउँ दु:खहरुलाई समय त्यसै बिती सक्यो
वेदनाका चिच्चाहटले पोल यहाँ खोली सक्यो ।
कति हाँसु ब्यथा लुकाई पर्नुसम्म पिर परी सक्यो
छटपटीले छाती मेरो भतभत पोली सक्यो ।
पैसामा नसाट यसलाई नबनाउ मलाई कसैको शिकार
वाचा गरेका थियौ तिमिले तर खोई मेरो अधिकार ?

आस्था मानन्धर
कक्षा-९
न्यातापोल सेकेण्डरी स्कूल, मूलढोका, भक्तपुर